# आर्थिक विधेयक २०७७

## भोजपुर नगरपालिकाको अर्थ सम्बन्धि प्रस्ताव लाई कार्यन्वयन गर्न वनेको विधेयक

प्रस्तावना :- भोजपुर नगरपालिकाको आर्थिक वष २०७७/०७८ को अर्थ सम्बन्धि प्रस्ताव लाई कार्यन्ययन गर्नको लागी स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२८ को उप धारा (२) वमोजिम भोजपुर नगरपालिका को चौथो नगर सभाले यो आर्थिक विधेयक  वनाएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भ** : १) यस विधेयक नाम आर्थिक विधेयक २०७७ रहेको छ ।

(२) यो विधेयक  २०७७ साल साउन १ गतेदेखि भोजपुर नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

३) नगरपालिकाका  क्षेत्रभित्र अनुसुची-१ बमोजिम एकिकृत सम्पक्ति कर /घर जग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

**३) भुमीकर (मालपोत):-** नगरपालिका क्षेत्रभित्र अनुसुची २ वमोजिम भुमीकर (मालपोत) लगाइने र असुल उपर गरिने ।

**४) घर वहाल कर** : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिंक तवरले वहालमा दिएकोमा अनुसुची ३ वमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिने छ ।

**५) व्यवसाय कर** : नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची ४ वमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ ।

**६) जडिवुटी , कवाडी र जिवजन्तु कर** : नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन,  खोटो, जडिवुटी, वनकस, कवाडीमाल र प्रचलित कानुनले निषेध गरिएको जिवजन्तु वाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिंग, प्वाख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसुची ५ वमोजिमको कर लगाइने र असुलउपर गरिने छ ।

**७) सवारी साधन कर** : नगरपालिका क्षेत्रभित्रका दर्ता भएका सवारी साधनमा अनुसुची ६ वमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुने छ ।

८) **विज्ञापन कर** : नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुची ७ वमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिने छ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुने छ ।

९) **मनोरञ्जन कर** : नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसुची ८ वमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुने छ ।

१०) **वहाल विटौली शुल्क** : नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसुची ९ मा उल्लेख भए अनुसार हाट वजार वा पसलमा सोही अनुसुचीमा भएको व्यवस्था अनुसार वहाल विटोली शुल्क लगाइने र असुल उपर गरिने छ ।

११) **पार्किङ्ग शुल्क** : नगरपालिका क्षेत्र भित्रकुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची (१० ) वमोजिम पार्किङ्ग शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१२) **सेवा शुल्क दस्तुर** : नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची ११ मा उल्लिखित स्थानीय पुर्वाधार र उपलव्ध गराईएको सेवामा सेवाग्राहीवाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१३) **कर छुट** : ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४) **कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधी** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि नगरपालिकाले तोके वमोजिम हुनेछ ।